जेठ,२०७८

# एकीकृत शिक्षण सिकाइसम्बन्धी कस्टमाइज्ड शिक्षक तालिम पाठ्यक्रम

## आधारभूत तह (कक्षा १-३)

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर

## विषयसूची


| क्र. स. | विषयबस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १ | परिचय | १ |
| २ | तालिमको सक्षमता | २ |
| ३ | तालिमको विषयवस्तु | २-३ |
| ४ | तालिम कार्यान्वयन कार्यविधि | ३-५ |
| ५ | तालिम मूल्याङ्कन | ५ |
| ६ | कार्ययोजना तथा प्रतिबद्धता | ६ |

# १. परिचय

शिक्षालाई गुणस्तरीय र अपेक्षाकृत बनाउन समयको माग र समाजको चाहनाअनुरूप परिस्कृत र परिमार्जित गर्दै लैजानुपर्छ। नवप्रवर्तनका प्रयासहरूले शैक्षिक जगतलाई अद्यावधीकरण र समय सान्दर्भिक बनाउन सहयोग गर्छ। पाठ्यक्रम विकास केन्द्रले एकीकृत ढाँचामा विकास गरेको आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम-२०७६ यसैको एउटा नमुना हो। उक्त पाठ्यक्रमले विद्यालय शिक्षाको प्रारम्भिक चरणहरूबाटै सिक्ने र सिकाउने प्रयासलाई समग्र सिकाइ (Holistic learning) मा जोड दिँदै सक्रिय र सक्षम सिकारूको रूपमा विकास गर्ने ध्येय राखेको छ। सिकाइ प्रक्रियालाई अलग अलग रूपमा भन्दा सञ्जालीकृत र एकीकृत दृष्टिकोणबाट हेर्नु र बुझ्नुपर्छ। वास्तविक जीवनमा कुराकानी गर्दा, सोच्दा र व्यवहार गर्दा समग्र परिवेशलाई ध्यान दिई, सोच विचार गरी, आफ्नो अनुभवहरूलाई समेत आधार बनाई निर्णय गरिन्छ। सोहीअनुसार सिक्ने र सिकाउने प्रक्रियालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न शिक्षक पेसागत विकास आवश्यक हुन्छ।

पाठ्यक्रमको कार्यान्वयन गर्ने जनशक्ति भनेका शिक्षक हुन्। पाठ्यक्रमको मर्म र भावनाअनुसार शिक्षण सिकाइ गर्न सक्षम बनाउने कार्य शिक्षक तालिमले गर्दछ। आधारभूत तह कक्षा १-३ का शिक्षकहरूको पेसागत विकास गरी एकीकृत पाठ्यक्रमको कुशल र प्रभावकारी कार्यान्वयन गर्ने प्रयोजनका लागि शिक्षक पेसागत विकास (प्रमाणीकरण तालिम)-२०७७ एक चरणको तालिम पाठ्यक्रम विकास भई कार्यान्वयनमा आईसकेको सन्दर्भमा छोटो समयमा धेरै शिक्षकहरूलाई एकीकृत शिक्षण सिकाइसम्बन्धी पेसागत क्षमता अभिबृद्धि गर्ने उद्देश्यले यो कष्टमाईज्ड शिक्षक तालिम पाठ्यक्रम विकास गरिएको हो। यस पाठ्यक्रममा विशेष गरी एकीकृत पाठ्यक्रमको अवधारणा, एकीकृत सिकाइ सहजीकरण प्रक्रिया तथा मूल्याङ्कनसम्बन्धी विषयवस्तुहरू समावेश गरिएका छन्। तालिम पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुहरू सहजीकरण गर्नका लागि आमने सामने, अनलाईन तथा मिश्रित माध्यमको प्रयोगबाट छलफल, अन्तरक्रिया, स्वअध्ययन, नमुना अभ्यास, सहभागी प्रस्तुतिकरण जस्ता विधिहरू अवलम्बन गरिने छ।

यस तालिम पाठ्यक्रमका लक्षित समूह भनेका आधारभूत तह कक्षा १-३ मा शिक्षण गर्ने शिक्षक हुन्। एक महिने शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम प्राप्त शिक्षक र एकीकृत सिकाइ सहजीकरणसम्बन्धी प्रथम चरण (१५ दिने) तालिम प्राप्त शिक्षक पनि यो तालिमका लागि योग्य हुनेछन्।

## २. तालिम सक्षमता

यस तालिमपश्चात् सहभागी शिक्षकहरूमा देहायबमोजिमका सक्षमताहरू विकास हुने अपेक्षा गरिएको छ।

क. एकीकृत पाठ्यक्रम तथा पाठ्यसामग्रीहरूको अवधारणा बोध र बुझाइ प्रदर्शन,

ख. शैक्षणिक योजनासहित एकीकृत सिकाइ सहजीकरण सिप विकास, र

ग. एकीकृत सिकाइको लागि मूल्याङ्कनका साधनहरूको पहिचान, प्रयोग तथा सिकाइ उपलब्धिको अभिलेखीकरण।

## ३. तालिमका विषयवस्तु

| क्र.स. | विषयवस्तु | विस्तृतीकरण | सत्र | कैफियत |
|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइको अवधारणा | • एकीकृत पाठ्यक्रमको अवधारणाः विषयक्षेत्र, सिकाइ उपलब्धि र व्यवहार कुशल सिप<br>• एकीकृत विषय क्षेत्रहरूको पहिचान<br>• पाठ्यसामग्रीहरूको परिचय | १ | |
| २ | एकीकृत सिकाइका लागि योजना निर्माण | • एकीकृत वार्षिक शैक्षणिक योजना निर्माण<br>• एकीकृत विषयक्षेत्रगत (Theme)योजना<br>• दैनिक पाठ योजना निर्माणः साझा सिकाइ र विषयगत सिकाइ | १ | |
| | | <u>नेपाली</u><br>• पाठ्यक्रम तथा पाठ्यसामग्रीहरू<br>• सहजकर्ताबाट नमुना शिक्षण प्रस्तुति (योजना, सामग्री र प्रस्तुति)<br>• सुक्ष्म शिक्षण अभ्यास (योजना, सामग्री, तयारी, प्रस्तुति)<br>• छलफल र पृष्ठपोषण | ३ | |
| | एकीकृत सिकाइ | <u>अंग्रेजी</u> | | |

| क्र.स. | विषयवस्तु | विस्तृतीकरण | सत्र | कैफियत |
|---|---|---|---|---|
| ३ | सहजीकरण अभ्यास | • पाठ्यक्रम तथा पाठ्यसामग्रीहरू<br>• सहजकर्ताबाट नमुना शिक्षण प्रस्तुति (योजना, सामग्री र प्रस्तुति)<br>• सुक्ष्म शिक्षण अभ्यास (योजना, सामग्री, तयारी, प्रस्तुति)<br>• छलफल र पृष्ठपोषण | ३ | |
| | | गणित<br>• पाठ्यक्रम तथा पाठ्यसामग्रीहरू<br>• सहजकर्ताबाट नमुना शिक्षण प्रस्तुति (योजना, सामग्री र प्रस्तुति)<br>• सुक्ष्म शिक्षण अभ्यास (योजना, सामग्री, तयारी, प्रस्तुति)<br>• छलफल र पृष्ठपोषण | ३ | |
| | | सेरोफेरो<br>• पाठ्यक्रम तथा पाठ्यसामग्रीहरू<br>• सहजकर्ताबाट नमुना शिक्षण प्रस्तुति (योजना, सामग्री र प्रस्तुति)<br>• सुक्ष्म शिक्षण अभ्यास (योजना, सामग्री, तयारी, प्रस्तुति)<br>• छलफल र पृष्ठपोषण | ३ | |
| ४ | विद्यार्थी मूल्याङ्कन | • मूल्याङ्कनका साधनहरूको पहिचान तथा प्रयोग<br>• अभिलेखीकरण प्रक्रिया र अभ्यास | १ | |
| जम्मा सत्र | | | १५ | |

## ४. तालिम कार्यान्वयन कार्यविधि

### ४.१ तालिम अवधि

यो तालिम पाँच दिन अवधिको हुनेछ। पाँचै दिन आमने सामने, अनलाईन वा मिश्रित विधिबाट प्रदेश शिक्षा तालिम केन्द्रमार्फत् सञ्चालन हुनेछ। प्रति दिन ३ सत्रका दरले पाँच दिन अबधिमा १५ ओटा सत्रहरू सञ्चालन हुनेछन्। प्रति सत्र १ घण्टा ३० मिनेटको हुनेछ।

## ४.२ लक्षित समूह

यस तालिमको लक्षित समूह सामुदायिक विद्यालयका आधारभूत तह कक्षा १-३ मा अध्यापनरत शिक्षकहरू हुनेछन्। एक महिने शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम प्राप्त शिक्षक र एकीकृत सिकाइ सहजीकरणसम्बन्धी प्रथम चरण (१५ दिने) तालिम प्राप्त शिक्षक पनि यो तालिमका लागि योग्य हुनेछन्।

## ४.३ तालिम पाठ्यक्रम कार्यान्वयन प्रक्रिया

क. सहभागी छनोटका लागि प्रदेश शिक्षा तालिम केन्द्रले सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह तथा विद्यालयसँग आवश्यक समन्वय र सहकार्य गर्नेछ।

ख. एकीकृत पाठ्यक्रम (कक्षा १-३) मा आधारित शिक्षण सिकाइका लागि सञ्चालन हुने यो कष्टमाईज्ड शिक्षक तालिम शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमका आधारमा हुने छ।

ग. शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमको २०% अर्थात ३ सत्र सम्मका विषयबस्तु प्रदेश शिक्षा तालिम केन्द्रले स्थानीय विज्ञ तथा अन्य सरोकारवालाहरूको परामर्शमा परिमार्जन तथा समायोजन गर्न सक्ने छ।

घ. स्थानीय तहले छोटो अवधिको एकीकृत पाठ्यक्रममा आधारित एकीकृत शिक्षण सिकाइसम्बन्धी शिक्षक पुनर्ताजगी तालिम सञ्चालन गर्दा यो पाठ्यक्रमको प्रयोग गर्न सक्ने छ।

## ४.४ तालिम सहजीकरण प्रक्रिया

क. शिक्षा तालिम केन्द्रका प्रशिक्षक, रोष्टर प्रशिक्षक, क्याम्पस तथा युनिभर्सिटीका सम्बन्धित विषयका प्राध्यापक तथा विज्ञहरूबाट तालिम सत्र सहजीकरण गरिने छ।

ख. तालिमको सत्र सहजीकरण गर्दा सकेसम्म सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गर्नुपर्ने छ।

ग. तालिम सञ्चालन गर्दा फ्लिप्ड ढाँचा (Flipped Model) को अवलम्वन गर्न सकिने छ।

घ. तालिम सञ्चालन गर्दा सके सम्म समकालिक (Synchronous) भन्दा असमकालिक (Asynchronous) सिकाइलाई जोड दिनुपर्ने छ।

ङ. सिकाइ सहजीकरणका विधि तथा सूचना प्रविधिलाई पाठ्यक्रमका विषयगत विषयबस्तुसँग पनि आबद्ध गरेर प्रयोग गर्नुपर्ने छ।

च. तालिम सञ्चालन गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा विकास गरिएको तालिम सामग्रीको आधारमा सञ्चालन गर्नुपर्ने छ। सो सामग्रीका अलवा सामान्यतया सहभागी शिक्षकका माग र आवश्यकतालाई ध्यान दिदै आवश्यकताअनुसार देहायबमोजिमका विधि वा बहुविधि उपयोग गर्न सकिने छ।

- साझा तथा खुला मञ्चहरू (Slack, Google class, Moodle, Google drive) को प्रयोग
- समकालिक (Synchronous) र असमकालिक (Asynchronous) विधिहरू
- स्वअध्ययन विधि
- अनुसन्धानात्मक विधि
- प्रतिबिम्बात्मक विधि
- परियोजना विधि
- दुर सिकाइ विधि
- अन्तरक्रिया तथा छलफल विधि
- प्रदर्शन तथा नमुना अभ्यास शिक्षण विधि
- जोडी कार्य तथा समूह कार्य विधि
- अवलोकन विधि
- मामला/घटना अध्ययन विधि
- समस्या समाधान विधि

## ५. तालिम मूल्याङ्कन

क. तालिममा सहभागी शिक्षकहरूको मूल्याङ्कन निरन्तर रूपमा तालिम अवधिको दौरानमा निभाएको भूमिका, जागरूकता, तालिममा सहभागिता र दैनिक उपस्थितिका आधारमा गरिने छ। स्वअध्ययन, स्वमूल्याङ्कन, छलफल, समूह कार्य र प्रस्तुतिका साथै तालिम पूर्व (Pre-Test) र तालिमपश्चातको मूल्याङ्कन (Post Test) पनि मूल्याङ्कनका आधार हुनेछन्।

ख. सहभागी शिक्षकहरूलाई तालिमपश्चात् तालिम सम्पन्नताको प्रमाणपत्र प्रदान गरिने छ।

## ६. कार्ययोजना तथा प्रतिबद्दता

क. सहभागीहरूले तालिम अवधिमा सिकेका ज्ञान तथा सिपको आधारमा विद्यालयमा गई प्रयोग गर्न सकिने कम्तिमा पाँच ओटा कार्यको कार्ययोजना (Action Plan) बनाई प्रस्तुत गर्नुपर्ने छ।

| क.स. | क्रियाकलाप | किन | कहिले | कसरी | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

ख. तालिम अवधिमा निर्माण गरिएका योजना, सामग्री र क्रियाकलाप समेतका आधारमा कार्ययोजनामा आबद्ध गरी कक्षा शिक्षण गर्नुपर्ने छ।

ग. सहभागीहरूले कार्ययोजनाबमोजिमका सुधारहरू गर्ने प्रतिबद्धता शिक्षा तालिम केन्द्रसमक्ष पेस गर्नुपर्ने छ।

घ. शिक्षकले जाहेर गरेको प्रतिबद्धता शिक्षा तालिम केन्द्रले विद्यालयलाई जानकारी गराउनुपर्ने छ।

ΩΩΩ